भुम्लु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्ले भुम्लु, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

प.स.:-२०७७।०७८
च.न.: १६६८

मितिः-२०७७।१२।१९

श्री सम्पुर्ण विद्यालयहरु,

विषयः राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन सम्बन्धमा ।

प्रस्तुत विषयका सम्बन्धमा यस भुम्लु गाउँपालिकाको मिति २०७७।१२।१८ को निर्णय अनुसार आ व २०७७/७८ को ससर्त अनुदान, व. सि. नं. ४८ अन्तर्गत **"राष्ट्रपति रनिङ सिल्ड"** प्रतियोगिता यहि मिति २०७७।१२।३१ र २०७८।०१।०१ गते विद्यालयस्तरमा सञ्चालन गरि प्रथम र द्वितिय स्थान हासिल गर्ने सफल प्रतियोगिहरुलाई २०७८।०१।०२ र ०३ गते गाउँपालिकास्तरमा प्रतिस्पर्धा गराई प्रथम र दितिय स्थान हासिल गर्ने सफल प्रतियोगिहरुलाई जिल्लास्तरमा प्रतिस्पर्धा गर्न पठाइने निर्णय भएकाले सोहि वमोजिम गर्न गराउनहुन अनुरोध गरिन्छ । यस गाउँपालिका भित्र सञ्चालित आधारभूत तहका विद्यार्थीहरु प्रतियोगितामा सहभागि हुन चाहेमा नजिकको माध्यमिक विद्यालयवाट प्रतिस्पर्धा गराउन सकिनेछ ।

२०७७।१२।१९
मदन कुमार बजगाँई
प्रमुख प्रशासकीय अधिकृत

नोटः अन्य जानकारीहरु **राषट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७०** को दोस्रो संशोधन २०७४/१०/१२ हेर्नुहोला ।

## राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता को लागी आवश्यक नियम तथा शर्तहरु :

१. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा भलिबल,एथ्लेटिक्स ,कबडी ,कराँते , WTF तेक्वाण्डो र उसु छात्र /छात्रा खेल बिधा संचालन गरिनेछ ।

२ स्थानिय तह राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा भलिबल,एथ्लेटिक्स र कबडी खेल संचालन गरिनेछ साथै कराँते र WTF तेक्वाण्डो र उसु खेल जिल्ला स्तरमा मात्र संचालन हुने छ ।

३.प्रतियोगितामा सहभागी खेलाडी /बिद्यार्थीहरुले एक खेल बिधामा मात्र सहभागी हुन पाउने छ ।

४.राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको एथ्लेटिक्स खेलमा प्रत्येक बिद्यालयले रिले खेलको हकमा महिला तथा पुरुष रिलेको प्रत्यक इभेण्टमा १/१ समूह मात्र र अन्य प्रत्यक इभेण्टमा बढीमा २ जना खेलाडीहरुलाई सहभागी गराउन सक्नेछ । प्रत्येक खेलाडीले बढीमा एक फिल्ड,दुई ट्र्याक वा दुई फिल्ड एक ट्र्याकमा भाग लिन पाउने छ । साथै आफुले खेल्न चाहेको ईभेण्ट खेलाडी फारममा उल्लेख गर्नु पर्ने छ अन्यथा प्रतियोगितामा सहभागी हुन पाउने छैन ।

५. टिम गेम भन्नाले भलिबल,कबडी र रिले डौडलाई सम्झनु पर्ने छ ।

६. प्रत्यक बिद्यालयले टिम गेममा एउटा मात्र टिम सहभागी गराउन पाउने छ ।

७. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको एथ्लेटिक्स ,कबडि र भलिबल खेलमा प्रथम र द्धितिय हुने खेलाडी र टिमले मात्र जिल्ला प्रतियोगितामा सहभागि हुन पाउने छ ।

८. प्रतियोगितामा खेलाडीले जुन ईभेण्टमा बिजयी भएको हो सोहि ईभेण्टमा मात्र जिल्ला प्रतियोगितामा सहभागिताका लागी सिफारीस गरिने छ । साथै मार्शल आर्ट खेलको हकमा दर्ता भएका सबै खेलाडीलाइ सिफारीस गरिनेछ ।

९.भलिबल र कबडि खेलमा बिद्यालयको सहभागि हुने खेलाडीहरुको संख्या अतिरिक्त खेलाडी सहित बढीमा ९ जना हुनु पर्ने छ

१०. राष्ट्रपति रनिङ्ग शिल्ड तथा बिद्यालय खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका २०७० को परिच्छेद १ को दफा २ को (छ) बमोजिम शैक्षिक सत्रमा १८ बर्ष भन्दा मुनिका कक्षा १२ सम्म नियमित रुपमा अध्यनरत छात्र /छात्रा सहभागि हुन पाउने छ ।

११ .प्रतियोगितामा सहभागी हुने बिद्यार्थीहरुले अनिवार्य रुपमा खेलाडी फारम ,उमेर खुलेको कागजात र बिद्यार्थी परिचय पत्र सहित तोकिएको मितिमा दर्ता भएको हुनु पर्ने छ । नागरिक प्राप्त नगरेको बिद्यार्थीको हकमा कक्षा ८ को जिल्ला स्तरिय परिक्षाको प्रभाण पत्रमा उल्लेखित जन्म मितिलाई आधार मानिने छ ।

१२ गैर बिद्यार्थी तथा १८ बर्ष भन्दा बढी उमेर समूहका बिद्यार्थीले यो प्रतियोगितामा भाग लिन पाउने छैन ।यदि कसैले भाग लिई प्रतियोगितामा पदक प्राप्त गरेको खण्डमा त्यस्तो पदक खोसिने छ र निकटतम प्रतिस्पर्धी खेलाडीलाई प्रदान गरिने छ । मापदण्ड बाहिरका खेलाडी सहभागी गराउने बिद्यालय र बिद्यालयका प्रधानाध्यापकलाई आयोजक समितिले राष्ट्रपति निर्देशिका २०७० को परिच्छेद ७ को दफा १३ को ४ बमोजिम उचित देखेको अनुशासन सम्बन्धि कारवाही गर्ने वा कारवाहीका लागी सम्बन्धित निकायमा लेखी पठाईने छ ।

१३. टिम दर्ता :

१४. प्रतियोगितामा समाबेश गरिएका खेलहरु :

क. छात्र/छात्रा भलिबल

ख.छात्र/छात्रा कबड्डी

ग. एथ्लेटिक्स :

**१. दौड(ट्र्याक ) तर्फ :** छात्र/छात्रा १०० मि.,२०० मि., ४०० मि., ८०० मि., १५०० मि.,३००० मि.,४×१०० मि. रिले र ४×४०० मि. रिले ।

**२. उफ्ने र फयाक्ने( फिल्ड ) तर्फ :** छात्र/छात्रा हाइजम्प, लङ्गजम्प, त्रिपलजम्प, ज्याभलिङ्ग थ्रो

घ. मार्शल आर्ट तर्फ :

१. कराँते( सितेरियो )

छात्र : u-४२ के.जी., u-४७ के.जी. u- ५२ के.जी. र काता एकल

छात्रा : u-४० के.जी., u-४५ के.जी. u- ५० के.जी. र काता एकल

२. **wtf** तेक्वाण्दो

छात्र : u-४५ के.जी., u-४८ के.जी. u- ५१ के.जी.

छात्रा : u-४२ के.जी., u-४४ के.जी. u- ४६ के

३. उसु छात्र/छात्रा : Chang Quan., Nan. Quan,And Tai ji Quan